**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०६ जून २०२५**
**समयः १८:५० – १९:०० बजे**

**<u>मुख्य समाचार</u>**

- प्रधानमन्त्री नरेन्द्र मोदीले कैयन प्रमुख परियोजनाहरूको उद्घाटन जम्मू - कश्मीरको विकास यात्रामा एक महत्त्वपूर्ण कदम भएको बताउनु भएको छ।

- पश्चिम बंगाल विधान सभाको मनसुन सत्र आगामी ९ जुनदेखि शुरु हुनेछ ।

- ईद-उल-अजहाको अवसरमा भारत र बंगलादेश बीचको व्यापारिक गतिविधि केही दिनका लागि स्थगित गरिएको छ।

- पश्चिम बंगालमा गत २४ घण्टामा कोरोना संक्रमणका ५८ नयाँ मामिला अघि आएको छ भने ९१ जना पूर्ण रूपमा संक्रमणबाट निको भएका छन्।

- पश्चिम बङ्गालको उत्तरदेखि दक्षिणसम्म आगामी केही दिनसम्म मेघ गर्जनसहित बेमौसमी वर्षा जारी रहने अलिपुर मौसम विभागले जनाएको छ ।

**<u>प्रधानमंत्री-कश्मीर</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले कैयन प्रमुख परियोजनाहरूको उद्घाटन जम्मू - कश्मीरको विकास यात्रामा एक महत्त्वपूर्ण कदम भएको बताउनु भएको छ। कटरामा चिनाब ब्रिज र अन्जी पुलको उद्घाटन गर्नु हुदै श्री मोदीले अत्याधुनिक चिनाब ब्रिजले जम्मू र श्रीनगर बीच कनेक्टिविटीमा सुधार ल्याउने बताउनु भएको छ। प्रधानमन्त्रीले देश कश्मीरदेखि कन्याकुमारीसम्म रेलवे नेटवर्क द्वारा जोडिएकोमा प्रसन्नता व्यक्त गर्नु भयो। उहाँले भन्नु भयो उधमपुर-श्रीनगर-बारामुल्ला रेल लाइन परियोजना नयाँ र सशक्त जम्मू-कश्मीरको प्रतीक हो। श्री मोदीले यो पनि भन्नु भयो चिनाब र अंजी पुलहरूले जम्मू-कश्मीरको लागि समृद्धिको प्रवेशद्वारको रूपमा काम गर्नेछन्। श्री मोदीले भन्नुभयो भारत आतंकवादको अगाडि झुक्ने छैन। प्रधानमन्त्रीले भन्नु भयो दुर्भाग्यवश हाम्रो छिमेकी देश मानवता र गरिबहरूको आजीविकाको विरुद्धमा छ।उहाँले भन्नु भयो पहलगाममा आतंकीहरुले मानवता माथि मात्र हमला गरेको छैन तर कश्मीरियत माथि पनि हमला गरेको छ। उहाँले भन्नुभयो कश्मीरको पर्यटन क्षेत्रलाई लक्षित गरिएको थियो जसले धेरै कश्मीरी परिवारहरूलाई आजीविका प्रदान गर्दछ। प्रधानमन्त्रीले भन्नुभयो जब पनि पाकिस्तानले अपरेशन सिन्दूरको नाम सुन्नेछ, उसले आफ्नो लज्जास्पद हार सम्झिनेछ। श्री मोदीले यो पनि भन्नुभयो अपरेशन सिन्दूर पछि, विश्वले भारतको रक्षा पारिस्थितिकी तंत्र र आत्मनिर्भरताको बारेमा छलफल गरिरहेको छ।श्री मोदीले मानिसहरुलाई भारतमा निर्मित वस्तुहरूलाई प्राथमिकता दिने संकल्प लिन आग्रह गर्नु भयो।

**<u>बङ्गाल विधानसभा</u>**

पश्चिम बंगाल विधान सभाको मनसुन सत्र आगामी ९ जुनदेखि शुरु हुनेछ । मनसुन सत्रको तयारीका लागि हिज विधानसभा अध्यक्ष विमान ब्यानर्जीको अध्यक्षतामा सर्वदलीय बैठक र व्यवसाय सल्लाहकार समितिको बैठक सम्पन्न भएको थियो। बैठकमा सत्तारुढ तृणमूल कांग्रेसका धेरै वरिष्ठ नेताहरू उपस्थित थिए, तर मुख्य विपक्षी दल भारतीय जनता पार्टीका नेताहरु अनुपस्थित थिए। बैठकपछि, विधानसभा अध्यक्षले भाजपाको अनुपस्थितिप्रति असन्तुष्टि व्यक्त गर्नु हुदै यो सत्र धेरै महत्त्वपूर्ण भएको र सबै दलका विधायकहरूले सकारात्मक छलफल मार्फत यसमा भाग लिनुपर्ने बताउनु भयो । उहाले , "लोकतन्त्रमा बहस सधैं स्वागतयोग्य रहेको तर सदनलाई तनावाग्रस्त बनाउनु भनेको आफ्ना प्रतिनिधिहरूलाई निर्वाचित गरेर पठाएका जनतामाथि

अन्याय गर्नु रहेको बताउनु भयो ।" अर्कोतिर मुख्य विपक्षी दल भारतीय जनता पार्टीले यस पटक मुर्शिदाबादमा हिन्दुहरूमाथि भएको हिंसाको मुद्दालाई विधानसभामा उठाउने तयारी गरिरहेको नाम गोप्य राख्ने सर्तमा भाजपाका एक विधायकले बताउनु भएको छ ।

**भारत बंगलादेश व्यापार**

ईद-उल-अजहाको अवसरमा भारत र बंगलादेश बीचको व्यापारिक गतिविधि केही दिनका लागि स्थगित गरिएको छ। यो जानकारी दुवै देशको सीमामा रहेको एकीकृत चेकपोस्ट (आईसीपी) सँग सम्बन्धित अधिकारीहरूले दिएका छन्। भारत-अखौरा (बंगलादेश) एकीकृत चेकपोस्टका एक अधिकारी अनुसार, यस व्यापारिक बिन्दुबाट निर्यात र आयात गतिविधिहरू शुक्रबारदेखि बन्द रहने छ र जुन ९ देखि पुनः सुरु हुनेछ। त्यस्तै, पश्चिम बंगालको उत्तर २४ परगना, पेट्रापोल, बेनापोल, नादिया र त्रिपुराको श्रीमन्तपुर, बेलोनिया, खोवाई, कैलाशहर र धर्मनगरका अन्य व्यापारिक बिन्दुहरूमा केही दिन व्यापार बन्द रहनेछ। अधिकारी अनुसार, पश्चिम बंगालको पेट्रापोल (भारत)-बेनापोल (बंगलादेश) आईसीपी मार्फत हुने व्यापारिक गतिविधिहरू जुन १४ सम्म पूर्ण रूपमा बन्द रहने छ।

**सिलगढ़ी-पक्राउ**

सिलगढ़ीमा एक जना एयर होस्टेसको झोला खोस्ने घटनामा पुलिसले दुई जना अभियुक्तलाई पक्राउ गरेको छ। पक्राउ परेका अभियुक्तहरू रत्नदीप सेन राई र सुबोध तामाङ रहेको जानकारी प्राप्त भएको छ । पुलिस स्रोत अनुसार कालेबुङकी एयर होस्टेस गत बुधबार बेंगलुरुबाट बागडोग्रा हुदै सिलगढ़ीको जंक्शनमा रहेको होटलमा जाने क्रममा स्कुटीमा सवार अपराधीहरूले पछाडिबाट उनको झोला खोसेर भागेका थिए । घटनापछि युवतीले हिज प्रधान नगर थानामा लिखित प्रथामिकी दर्ता गराएकी थिइन्। जसको आधारमा अनुसन्धानमा लागेको पुलिसले वडा नम्बर ४७ अन्तर्गतको रामकृष्ण कोलोनीबाट अबेर राति सीसीटीभी फुटेजको सहयोगमा दुवै आरोपीलाई पक्राउ गरेको छ। यसका साथै लुटपाटमा प्रयोग गरिएको स्कुटीबाट युवतीको पासपोर्ट , परिचयपत्र लगायत धेरै महत्वपूर्ण कागजातहरू बरामद गरिएको छ। प्रधान नगर थाना पुलिसले थप कारबाही सुरु गरेको छ।

**मिरिक- आगलागी**

मिरिक महकुमाको ओकेटी चियाबारी तीनधुरे निवासी वन्धन छेत्रीको घरमा आगो लागेको छ। आगलागीको चपेटमा परेर घर लगायत अन्य सामाग्रीहरू जले तापनि कुनै मानवीय क्षति भएन। पीडित बन्धन राईले चियाबारीबाट काम गरेर घर फर्किरहेको समय घरमा आगो लागेको देखेपछि आफु लगायत स्थानीयहरूको सहयोगमा आगोलाई नियन्त्रणमा ल्याउन सके तापनि घर भित्र रहेको सम्पुर्ण सामाग्रीहरू जलेर नष्ट भएको बताएका छन्। आगो लागेको समयमा उनी कामतिर गएको अनि आफ्नो श्रीमती नानीलाई स्कुल लगेर गएको कारण के कारणले आगो लाग्यो भन्ने कुराको पुष्टि नभएको उनले बताएका छन्। उनले घरको लुगाफाटा, भाँडा वर्तनदेखि लिएर रकम सबै जलेको बताएका छन्। यसका साथै उनले आफ्नो श्रीमतीले स्वनिर्भर समुहको संकलन गरेर राखेको रकम पनि जलेर खरानी भएको बताएका छन्।

**पश्चिम बंगाल-कोरोना**

पश्चिम बंगालमा गत २४ घण्टामा कोरोना संक्रमणका ५८ नयाँ मामिला अघि आएको छ भने ९१ जना पूर्ण रूपमा संक्रमणबाट निको भएका छन्। राज्यमा हाल सक्रिय केसहरूको संख्या ५ सय ९६ मा झरेको छ। यद्यपि, यस अवधिमा कुनै पनि मृत्यु रेकर्ड गरिएको छैन र मृत्युको कुल संख्या एकमा स्थिर रहेको छ। स्वास्थ्य मन्त्रालयले आज जारी गरेको रिपोर्टमा राज्यमा कोभिड-१९ को अवस्था पूर्ण रूपमा नियन्त्रणमा रहेको र आत्तिनु पर्ने आवश्यकता नभएको बताइएको छ। साथै, मानिसहरूलाई सावधान रहन र कोभिड प्रोटोकल पालना गर्न अपील गरिएको छ। मन्त्रालयले विशेष गरी मास्क लगाउन, सार्वजनिक स्थानमा भीडभाडबाट बच्न र व्यक्तिगत सर सफाइ कायम राख्न सल्लाह दिएको छ।

**दार्जिलिङ-भाजपा**

आज दार्जिलिङ सांसद कार्यालयमा भारतीय जनता पार्टीको एक सांगठानिक सभा सम्पन्न भयो। सभामा भाजपाका दार्जिलिङ जिल्लाका ४७ वटा मण्डलहरूको अध्यक्ष चयन गरियो साथै नियुक्ति पत्र प्रदान गरियो। सभा भाजपा जिल्ला अध्यक्ष कल्याण देवानको अध्यक्षतामा सम्पन्न भएको थियो। साथै जिल्ला सांगठानिक महासचिव सुझेन्द्र राई, जिल्ला महासचिव राजु राई, जिल्ला उपसभापति एल.एम. लामा, दार्जिलिङ विधानसभा संयोजक सुमन प्रधान, खरसाङ विधानसभा क्षेत्रका संयोजक आर.बी. लामा, दार्जिलिङ युवा मोर्चाका अध्यक्ष नीरज राई, दार्जिलिङ जिल्ला महिला अध्यक्ष श्रीमती चन्द्रकला राईको उपस्थिति रहेको थियो। सभाले संगठनात्मक समर्पणलाई बलियो बनाउन महत्वपूर्ण निर्णयहरू लिएको बताइएको छ।

**सिक्किम-उद्धार**

सिक्किमको मंगन जिल्लाको लाचेनमा फसिएका सबै पर्यटकहरूलाई आज बाहिर निकालिएको छ। उद्धार कार्यको निरीक्षण गरिरहेका मंगन जिल्लाका पुलिस उपायुक्त र अधीक्षक दुवैले यसको पुष्टि गरेका छन्। आज बाघडोगरा र पाक्योङबाट सञ्चालनमा रहेको भारतीय वायुसेनाका हेलिकप्टरहरूले बाँकी पर्यटकहरू र चाटेनमा फसिएका केही स्थानीयहरूलाई पनि बाहिर निकालेका छन्। उद्धार गरिएका सबै मानिसहरूलाई उनीहरूको गन्तव्यमा पठाइएको छ।

**आरके – आइजीजेएफ**

खरसांगका सामाजिक कार्यकर्ता आर.के. शर्मा आफ्नो टोलीसहित औपचारिक रूपमा इन्डियन गोर्खा जनशक्ति फ्रन्टमा सामेल हुनुभएको छ। पार्टीका प्रमुख संयोजक अजय एडवर्ड्स र केन्द्रिय कार्यकारी सदस्यहरूको उपस्थितिमा खरसांगमा श्री शर्मा आइजीजेएफमा सामेल हुनु भएको जानकारी प्राप्त भएको छ I

**दुधिया- वृक्ष रोपण**

रुखपात रोप्न सङ्गै यसको देखरेख तथा संरक्षण गर्ने उदेश्य राखेर खर्साङ महकुमाको दुधिया तरुवा बस्ती आपेटार अनि डम्फेटार गाउँको वातावरण संरक्षण समितिले आज क्षेत्रमा बृक्षरोपन कार्यक्रम सम्पन्न गर्यो। तरुवा बस्ती स्थित बालासन नदीको किनारमा आयोजित यस कार्यक्रममा मुख्य अतिथिको रुपमा हिमालयन फरेस्ट भिलेजर्स अर्गनाइजेसनका अध्यक्ष लिला कुमार गुरुङ उपस्थित हुनुहुन्थ्यो I यस क्रममा लगभग १६ वटा विभिन्न गैरसरकारी संस्थाका प्रतिनिधि तथा सदस्यहरुले नदी किनारको खुल्ला स्थानहरुमा विभिन्न प्रजातीका बिरुवाहरु रोप्ने कार्य गरे । कार्यक्रम बारे जानकारी गराउनु हुदै वातावरण संरक्षण समितिका अध्यक्ष भक्त थामीले बर्तमान समयमा बढदो गर्मी ,बेमौसम बर्षा ,भल पैह्रोको पछाडी पर्यावरणको नाश नै मुल कारण भएको बताउनु हुदै धर्ती मातालाई बचाउन प्रत्येक नागरिकले बिरुवा रोप्न अनिवार्य रहेको बताउनु भयो I

**मौसम**

पश्चिम बङ्गालको उत्तरदेखि दक्षिणसम्म आगामी केही दिनसम्म मेघ गर्जनसहित बेमौसमी वर्षा जारी रहने अलिपुर मौसम विभागले जनाएको छ। यद्यपि, यससँगै तापक्रममा वृद्धि हुने पनि पूर्वानुमान गरिएको छ।